# बिश्रामपुर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### बिश्रामपुर, बारा
मधेश प्रदेश, नेपाल

पत्र संख्याः- २०८२/८३ मितिः- २०८३/०१/०३

चलानी नः- 1060

**विषयः- निःशुल्क मनोसामाजिक परामर्श सेवा शुरू गरिएको सम्वन्धी सूचना !**

सुरक्षित आप्रवासन कार्यक्रम (SaMi- Safer Migration Programme) अन्तर्गत वैदेशिक रोजगारीका कारण सृजना भएका मनोसामाजिक समस्याहरूको समाधान तथा न्युनिकरण गर्ने उद्देश्यले आप्रवासी कामदार एवं उनीहरूका परिवारलाई निःशुल्क मनोसामाजिक परामर्श सेवा सुरू गरिएको व्यहोरा सम्वन्धित सबैमा जानकारी गराईन्छ ।

प्रशिक्षित तथा नियमित सुपरिवेक्षणमा रहने मनोसामाजिक परामर्शकर्ता मार्फत समुदायस्तरमा तथा आवश्यकता अनुसार घरदैलोमै पुगेर गोपनियताका साथ परामर्श सेवा उपलब्ध गराईनेछ ।

वैदेशिक रोजगारीमा जान लागेको, गएका वा फर्किएका व्यक्ति तथा उनीहरूका परिवारका सदस्यहरूले वा देहायमा उल्लेखित समस्यामा पर्नुभएको छ भने निःशुल्क सेवा लिन सम्पर्क गर्नुहुन अनुरोध छ ।

- मानसिक वा भावनात्मक पिर, तनाव, चिन्ता
- पारिवारिक तथा सामाजिक समस्या
- हिंसा वा दुर्व्यवहार
- बालबालिका तथा किशोर- किशोरीसंग सम्वन्धित समस्या
- वैदेशिक रोजगारमा जान लागेको, गएको र फर्किएका व्यक्ति तथा परिवारलाई परामर्श

**सम्पर्क विवरणः**

चाँदनी कुमारी महत्तो ( मनोसामाजिक परामर्शकर्ता )
बिश्रामपुर गाउँपालिकाको कार्यालय, बिश्रामपुर, बारा ।
फोन नम्बरः- ९७६७७४९५८४

नोटः हामी तपाईको समस्या ध्यानपुर्वक सुनी आवश्यक परामर्श तथा सहयोग गोप्य रूपमा प्रदान गर्ने छौं ।

२०८३/०१/०३

सुनिल प्रसाद केशरी
प्रमुख प्रशासकीय अधिकृत

सुनिल प्रसाद केशरी
प्रमुख प्रशासकीय अधिकृत